# गढवा गाउँपालिका

देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

**खण्ड : ४ फाल्गुन २९ गते, २०७७ साल, संख्या : ४**


## भाग - १
## गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि,२०७७

**प्रस्तावना :** यस गढवा गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयमा हाल कायम स्वीकृत शिक्षक दरबन्दी तहगत रुपमा प्राथमिक तह ११६,निम्न माध्यमिक तह २९,माध्यमिक (९-१०) तह १७ र माध्यमिक (११-१२) ७ वटा रहेको छ । तहगत रुपमा स्वीकृत शिक्षक दरबन्दी र विद्यार्थी अनुपातलाई हेर्ने हो भने निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत आधारमा शिक्षक दरबन्दी अत्यन्तै न्यून रहेको अवस्था छ । एकातिर नेपाल सरकारले निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई जोड दिइ रहेको अवस्था छ भने अर्को तिर प्रयाप्त रुपमा शिक्षक दरबन्दी उपलब्ध गराउन सकिरहेको छैन । यस कारण सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षक व्यवस्थापन गरी अध्यापन गराउन अत्यन्त समस्या रहेको छ । तसर्थ देशमा संघियता लागू भई हाल तीन तहको सरकार स्थापित भए संगै स्थानीय तहलाई माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन सहित स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ज) ले प्रत्यायोजन गरेको अधिकार बमोजिम सामुदायिक विद्यालयमा भएको शिक्षक अभावलाई सम्बोधन गर्न माध्यमिक तह ( १२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह, स्नातक र स्नातकोत्तर तह उत्तीर्ण

गरेका युवालाई शिक्षण स्वयम्सेवकका रुपमा प्रभावकारी र पारदर्शी ढंगले परिचालन गर्न वाञ्छनीय भएकाले, गढवा गाउँपालिकाले यो शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि,२०७७ बनाई लागू गरेको छ ।

## परिच्छेद - १

**प्रारम्भिक**

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि,२०७७** रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुने छ ।

२.**परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) स्थानीय तह भन्नाले गढवा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) शिक्षा शाखा भन्नाले गाउँकार्यपालिका अन्तरगतको विषयगत शाखा सम्झनु पर्छ ।

(ग) विद्यालय भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई संचालनमा रहेका सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(घ) समिति भन्नाले दफा ४ बमोजिमको शिक्षण स्वयम्सेवक तथा परिचालन समिति सम्झनु पर्दछ ।

(ङ) स्वयम्सेवक भन्नाले यस कार्यविधि बमोजिम नियुक्त स्वयम्सेवक सम्झनु पर्दछ ।

३.**स्वयम्सेवक परिचालनको उद्धेश्य तथा क्षेत्र** : (१) शिक्षण स्वयम्सेवक परिचालनको उद्धेश्य देहाय बमोजिम हुने छ ।

(क) विद्यालयको आधारभूत र माध्यमिक तहको विषयगत शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु ।

(ख) माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह ,स्नातक र स्नातकोत्तर गरेका शिक्षित युवालाई स्वयम्सेवा मार्फत शैक्षिक सेवा गर्ने मौका उपलब्ध गराई व्यवहारिक तथा जीवनोपयोगी सीप एवम् ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

(ग) युवा वर्गमा शिक्षण सीप,दक्षता र नेतृत्वको विकासको अवसर उपलब्ध गराउनु ।

(घ) विद्यालयस्तरको शैक्षिक गुणस्तर अभिवृद्धिमा सघाउ पुऱ्यानु ।

(२) आधारभूत र माध्यमिक तहमा विषयगत शिक्षक अपुग भएका वा त्यस्ता विषय शिक्षक दरबन्दी नभएका सामुदायिक विद्यालय र शिक्षक अभाव रहेको विद्यालयमा शिक्षण स्वयम्सेवक परिचालनको क्षेत्र रहने छ ।

## परिच्छेद-२

## शिक्षण स्वयम्सेवक समन्वय तथा परिचालन समिति सम्बन्धि व्यवस्था

४.**शिक्षण स्वयम्सेवक समन्वय तथा परिचालन समिति :** (१) शिक्षण स्वयम्सेवक परिचालन तथा समन्वयकारी भूमिका निर्वाह गर्न पालिकास्तरमा एक शिक्षण स्वयम्सेवक समन्वय तथा परिचालन समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) गाउँ शिक्षा समितिका संयोजक | संयोजक |
| (ख) प्रमुख प्रशाकीय अधिकृत | सदस्य |
| (ग) लेखा अधिकृत | सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) गाउँपालिका स्तरिय शिक्षक महासंघको संयोजक | सदस्य |
| (च) गाउँ पालिका अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य | सदस्य |
| (छ) शिक्षा शाखा प्रमुख | सदस्य-सचिव |

(३) समितिको बैठक प्रत्येक तीन महिनामा एक पटक बस्नेछ । तर आश्यकता परेमा सो भन्दा बढी पटक बैठक बस्न बाधा पर्ने छैन ।

(४) समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्ने छ ।

(५) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

५. **समितिको काम,कर्तव्य र अधिकार :** (१) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) स्वयम्सेवकको व्यवस्थापन सम्बन्धि योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ख) शिक्षण स्वयम्सेवक कार्यको समन्वय तथा सहजीकरण गर्ने गराउने ।

(ग) शिक्षण स्वयम्सेवक सम्बन्धि कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने गराउने ।

(घ) शिक्षण स्वयम्सेवक शिक्षकको संख्या र शिक्षण विषयको पहिचान गर्ने ।

(ङ) शिक्षण स्वयम्सेवक परिचालन सम्बन्धि प्राविधिक कार्य गर्न आवश्यकता अनुसार उप-समिति गठन गर्ने ।

## परिच्छेद-३

## शिक्षण स्वयम्सेवकको संख्या निर्धारण,छनौट तथा नियुक्ति सम्बन्धि व्यवस्था

**६.स्वयम्सेवकको संख्या निर्धारण :** समितिले विद्यालयमा हाल कायम रहेको शिक्षकको विषयगत दरबन्दी,राहत अनुदान कोटा र केन्द्रद्धारा वितरण गरिने शिक्षण सहयोग अनुदान समेतलाई गणना गरी आधारभूत र माध्यमिक तहको विषयतग शिक्षकको प्रचलित कानून तथा मापदण्ड बमोजिम दरबन्दी अपुग हुने विद्यालयमा शिक्षक विद्यार्थी संख्या अनुपातका आधारमा स्वयम्सेवक परिचालन गर्ने गरी स्थानीय तहमा विषयगत र तहगत रुपमा स्वयम्सेवकको संख्या निर्धारण गर्ने । यसरी निर्धारण गरियका शिक्षक स्वयम्सेवकहरुले नियुक्ति पाएको विद्यालयको अलवा आवश्यक्ता अनुसार गाउँपालिका स्तरिय शिक्षा समितिको निर्णय अनुसार अन्य तोकिएको विद्यालयमा गई सेवा दिनु पर्नेछ ।

७.**स्वयम्सेवकको माग संकलन** : शिक्षा शाखाले प्रत्येक विद्यालय मार्फत आधारभूत तह (बाल शिक्षा वा कक्षा १ देखि ८ सम्म) र माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म) मा प्रचलित कानून तथा मापदण्ड बमोजिम विषयगत शिक्षकको संख्या अपुग भएको वा यस्ता विषय शिक्षक दरबन्दी नभएका विद्यालयको पहिचान गरी त्यस्ता विद्यालयका विषयगत शिक्षकको माग संकलन गरी संख्या एकिन गर्नुपर्नेछ ।

८.**स्वयम्सेवकको आवेदन सम्बन्धि व्यवस्था :** (१) विद्यालयले शिक्षण स्वयम्सेवकको रुपमा सेवा गर्न चाहने व्यक्तिले आवेदन दिने प्रयोजनको लागि राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचना विद्यालयको वेभसाइटमा समेत राख्नुपर्नेछ ।

(३) शिक्षण स्वयम्सेवकको रुपमा सेवा गर्न चाहने दफा १० बमोजिमको योग्यता भएको व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालयमा आवेदन दिनुपर्नेछ ।

९.**सूचीकृत गर्ने :** (१) शिक्षण स्वयम्सेवक अन्तरगत स्वयम्सेवकको रुपमा काम गर्न इच्छुक व्यक्तिलाई सम्बन्धित शिक्षणको लागि आवश्यक पर्ने योग्यताको प्रमाण सहित सूचिकृत गरिनेछ ।

(२) सूचिकरण प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयले प्रकाशित गरेको सूचना बमोजिम प्राप्त आवेदनको छानविन तथा रुजु गर्ने,रित पुर्वक भएका आवेदन स्वीकृत गर्ने र वेरितपूर्वक भएका आवेदन अस्वीकृत गर्ने,

(ख) स्वीकृत आवेदनको विषयगत रुपमा एकीकृत विवरण तयार गर्ने,

(ग) आवेदकको शैक्षिक योग्यताको प्रमाण पत्रमा उल्लेख भएको प्राप्तांकका आधारमा योग्यताक्रम निर्धारण गरी विद्यालयमा सूची तयार गर्ने,

(घ) खण्ड (ग) बमोजिम विद्यालयमा सूची तयार गर्दा नागरिकतामा उल्लेखित ठेगाना तथा पालिका अन्तरगत बसोबास गर्ने स्थानीय आवेदकलाई प्राथमिकता दिने ।

(३) उपदफा (१) बमोजिमको सूची दुई बर्षसम्म मान्य हुनेछ ।

१०. **स्वयम्सेवक हुन चाहिने योग्यता :** स्वयम्सेवक हनु देहाय बमोजिमको योग्यता हुनपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) अठार बर्ष उमेर पुरा भई चालिस बर्ष उमे ननाघेको तर विद्यालयमा हाल निजीस्रोत शिक्षकको रुपमा कार्यरत शिक्षकको हकमा भने उमेरको हद लाग्ने छैन,

(ग) मगज नविग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

(च) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह ,स्नातक र स्नाकोत्तर वा सो सरहको परिक्षा उत्तीर्ण भएको हुनुपर्नेछ र छनौटको समयमा माथिल्लो योग्यतालाई प्राथमिकता दिइनेछ ।

(छ) अध्यापन अनुमति पत्र भएको हुनुपर्नेछ ।

११.**स्वयम्सेवक छनौट तथा परिचालन** : (१) विद्यालयले आवेदकहरु मध्येको प्राथमिकताक्रम,विद्यालयको आवश्यकता तथा आवेदकको स्थायी ठेगाना समेतको आधारमा विद्यालय मार्फत स्वयम्सेवकको सूची विद्यालयले प्रकाशन गर्नेछ ।

(२) शिक्षण स्वयम्सेवकको छनौट लिखित र अन्तरवार्ता दुवै माध्यमबाट गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको छनौट परीक्षा ६० पूर्णाङ्कको विषयगत र ४० पूर्णाङ्कको बस्तुगत बहुवैकल्पिको आधारमा लिखित परीक्षा लिइनेछ ।

(४) लिखित परीक्षाबाट अन्तरवार्ताका लागि छनौट उम्मेदवारले २५ पूर्णाङ्कको मौखिक अन्तरवार्ता दिनुपर्नेछ ।

(५) हाल कार्यरत निजी श्रोत शिक्षकलाई अध्यावधिक गरि स्वयमसेवक शिक्षक नियुक्ति गरि नयाँ थप स्वयम्सेवक शिक्षक नियुक्त गर्नूपरेमा यसै कार्यविधि बमोजिम गरिनेछ ।

(६) शिक्षण स्वयम्सेवक छनौट समिति शिक्षा नियमावली २०५९ (संशोधन सहित) अनुसार रहनेछ ।

१२. **स्वयम्सेवकको नियुक्ति :** (१) विद्यालय व्यवस्थापन समितिले छनौट भएका स्वयम्सेवकलाई निर्णय गरी विद्यालय प्रशासनलाइ नियुक्तिको लागि सिफारिस गर्नेछ ।

(२) दफा (११) बमोजिम छनौट भएको व्यक्तिलाई सम्बन्धित विद्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गरी नियुक्ति गर्नुपर्नेछ ।

(३) नियुक्ति भएको मिति सात दिनभित्र विद्यालयमा हाजिर भई स्वयम्सेवकले शिक्षण कार्य प्रारम्भ गर्नुपर्नेछ । सो अवधि भित्र शिक्षण कार्य प्रारम्भ नगरेमा नियुक्ति स्वत : बदर हुनेछ ।

(४) स्वयम्सेवकले कुनै कारणवस कार्य अवधि पुरा नहुदै सेवा छाड्नु पर्ने भएका दुई महिना अगावै सम्बन्धित विद्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम रिक्त स्थानमा बाँकी अवधिका लागि मात्र गाउँपालिकाले सूचीकृत मध्येबाट सिफारिस गरेको व्यक्तिसंग सम्झौता गरी विद्यालयले नियुक्ति गर्न सक्नेछ ।

१३.**स्वयम्सेवकको काम,कर्तव्य र अधिकार : स्वयम्सेवकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) हप्तामा न्यूनतम चौबिस कक्षा (पिरियड) अध्यापन गर्नु पर्ने,

(ख) पाठ्क्रमले निर्धारण गरे बमोजिमको औपचारिक परिक्षा तथा निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीको प्रयोग गरी अध्यापन गरेका विषयमा विद्यार्थीको शैक्षिक स्तर मुल्याङ्कन गर्ने,

(ग) विद्यालयले तोकेको अन्य कार्यहरु गर्ने ।

१४.**स्वयम्सेवकको अवकाश सम्बन्धि व्यवस्था :** (१) स्वयम्सेवकलाई देहाय बमोजिमको अवस्थामा गाउँकार्यपालिकाको शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले अवकास दिन सक्नेछ :-

(क) सम्झौता बमोजिमको अवधि समाप्त भएमा ।

(ख) स्वेच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक समक्ष दुई महिना पूर्व लिखित निवेदन दिएमा ।

(ग) शारिरीक अस्वस्थताका कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा ।

(घ) खराब आचरण प्रदर्शन गरेमा ।

(ङ) विना सूचना पन्ध्र दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा ।

(च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए भएता पनि उपदफा (१) को खण्ड (च) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले प्रयाप्त आधार र प्रमाण सहित सिफारिस गरेको स्वयम्सेवकलाई शिक्षा प्रमुखले निर्णय गरी हटाउन सक्नेछ ।

## परिच्छेद-४

## स्वयम्सेवकको सेवा,सर्त र सुविधा

१५.**स्वयम्सेवकको सेवा,सर्त :** (१) स्वयम्सेवकको कार्यावधि एक शैक्षिक सत्रको हुनेछ ।

(२) स्वयम्सेवकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नुपर्ने छ ।

(३) स्वयम्सेवकले सम्झौतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।

१६.**स्वयम्सेवकलाई दिइने सुविधा :** (१) स्वयम्सेवकलाई अनुसूची-३ बमोजिमको मासिक निर्वाह भत्ता दिइने छ ।

१७.**स्वयम्सेवकको विदा** : (१) स्वयम्सेवकले देहाय बमोजिमको विदा पाउनेछ :-

(क) विद्यालयमा रुजु हाजिरको आधारमा प्रत्येक महिना एक दिन झैपरि आउने वा पर्व विदा,

(ख) आफ्नो रित परम्परा अनुसार बढीमा पन्ध्र दिन किरिया विदा ।

(२) स्वयम्सेवकको विदाको स्वीकृती सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

(३) महिला शिक्षक स्वयम्सेवकको सुत्केरी विदाको हकमा नेपाल सरकारको प्रचलित ऐनमा व्यवस्था भए बमोजिमको हुनेछ ।

(४) नियमित तथा सार्वजनिक विदा विद्यालयको नियमानुसार हुनेछ ।

## परिच्छेद-५

## स्थानीय तहको भूमिका

१८.**स्थानीय तहको भूमिका :** स्वयम्सेवक परिचालन सम्बन्धमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) स्वयम्सेवकको निर्वाह भत्ता वापतको एक शैक्षिक सत्रको रकम एकमुष्ट रुपमा विद्यालयलाई अनुदान उपलब्ध गराउने,

(ख) स्वयम्सेवकहरुको कार्यसम्पादनको नियमित अनुगमन गर्ने,

(ग) विद्यालयगत रुपमा स्वयम्सेवकको विवरण अध्यावधिक गरिराख्ने ।

१९.**विद्यालयको भूमिका** : स्वयम्सेवक परिचालन सम्बन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय तहबाट सिफारिस भई आएका स्वयम्सेवकसंग सम्झौता गरी नियुक्ति दिई सो को जानकारी स्थानीय तहलाई गराउने,

(ख) स्वयम्सेवकको जिम्मेवारी बाँडफाड र आचार संहिता कार्यान्यन गराउने,

(ग) आगामी शैक्षिक सत्रका लागि आवश्यक पर्ने स्वयम्सेवक संख्याको आवश्यकताको पुष्ट्याई सहित प्रमाणित गरी स्थानीय तहमा पठाउने ।

## परिच्छेद-६

## विविध

२०.**स्वयम्सेवकले पालना गर्नुपर्ने आचार संहिता** : स्वयम्सेवकले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :-

(क) आफुले गरेको सम्झौता अनुसारका कार्य इमान्दारी पूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाइ हाजिर गर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) कुनै भाषा,धर्म,तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,
(घ) नेपाल सरकारको विद्यमान नीति र व्यवस्थाको प्रतिकूल हुने गरी कुनै पनि कार्य नगर्ने,
(ङ) सम्बन्धित निकायको नियम र कानून विपरितको कार्य नगर्ने,
(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,
(छ) इमान्दार,शिष्ट,नम्र,पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्ने ।
२१.**प्रमाणपत्र दिनुपर्ने :** स्वयम्सेवकलाई सम्झौता बमोजिमको कार्य अवधि पुरा गरेपछि सम्बन्धित निकायले अनुसूची ४ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्ने छ ।
२२.**अनुगमन तथा प्रतिवेदन व्यवस्था :** (१) स्वयम्सेवकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ ।
(२) प्रधानाध्यापकले उपदफा १ बमोजिमको अनुगमन प्रतिवेदन त्रैमासिक रुपमा शिक्षा शाखामा पठाउनु पर्नेछ ।
(३) प्रधानाध्यापकद्धारा स्वयम्सेवकले गरेका कार्यको नियमित अनुगमन भए,नभएको विषयमा आवश्यकता अनुसार शिक्षा शाखाबाट स्थलगत अनुगमन गर्न सकिनेछ ।
२३. **संशोधन र बचाउ** : यस कार्यविधिमा व्यवस्था गरिएका कार्यविधिहरु समयानुकुल/समय सापेक्ष बनाउनका लागि आवश्यक्ता अनुसार संशोधन गर्ने सर्वाधिकार गढवा गाउँपालिका गाउँसभामा निहित हुनेछ र यस कार्यविधिमा व्यवस्था भएका बुँदाहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

## अनुसूची-१
## (दफा ८ को उपदफा (३) संग सम्बन्धित)
## शिक्षण स्वयम्सेवकको लागि आवेदन फारामको ढाँचा

(क) उम्मेदवारले सेवा गर्न चाहेको विद्यालय र विषयको प्राथमिकताक्रम विवरण :

| (क) विद्यालय : | (ख) विषय : |
|---|---|
| (१) | (१) |
| (२) | (२) |
| (३) | (३) |

(ख) उम्मेदवारको वैयक्तिक विवरण :

<table>
<tr><td rowspan="3">उम्मेदवारको</td><td rowspan="2">नाम,थर</td><td colspan="2">(देवनागरीमा)</td></tr>
<tr><td>(अङ्ग्रेजी ठूलो अक्षरमा)</td><td>लिङ्ग :</td></tr>
<tr><td>नागरिकता नं.</td><td>जारी गर्ने जिल्ला :</td><td>मिति :</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| स्थायी ठेगाना | (क) जिल्ला : | (ख) न.पा./गा.पा. | (ग) वडा नं. |
| | (घ) टोल : | (ङ) मार्ग/घर नं. | फोन नं. |
| पत्राचार गर्ने ठेगाना | | | इमेल : |
| बाबुको नाम,थर | आमाको नाम,थर | | |
| बाजेको नाम,थर | पति/पत्नीको नाम,थर | | |
| जन्ममिति : | (वि.सं.मा) | (ईस्वी सन्मा) | हालको उमेर :बर्ष महिना |

(ग) शैक्षिक योग्यता सम्बन्धि विवरण :

| | विश्वविद्यालय/वोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मुल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |

| | | | |
|---|---|---|---|
| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत | मिति : |
| दायाँ | वायाँ | | |

(घ) संलग्न कागजातहरु :

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(२) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

## अनुसूची-२
### (दफा १२ को उपदफा (२) संग सम्बन्धित)
### शिक्षण स्वयम्सेवकसंग विद्यालयले गर्नुपर्ने सम्भौता पत्रको ढाँचा

श्री...............................विद्यालय(यस पछि **प्रथम पक्ष** भनिनेछ) र .........गा.पा. वडा नं........... स्थायी ठेगाना भई हाल................बस्ने श्री...........................(यस पछि **दोस्रो पक्ष** भनिनेछ)बीच शिक्षण स्वयम्सेवकको रुपमा मिति.......................देखि मिति...................सम्म.......................विषयमा शिक्षण कार्य गर्न भएको सम्भौता पत्र ।

**(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरु :**

क) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि,२०७७ बमोजिम निर्वाह भत्ता वाफतको रकम उपलब्ध गराउने,

ख) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि,२०७७ बमोजिम स्वयम्सेवकले पाउने विदाको सुविधा उपलब्ध गराउने,

ग) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि,२०७७ बमोजिम स्वयम्सेवकको आचार संहिता पालना गराउने ।

**(२) दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरु :**

क) विद्यालयमा नियमित उपस्थित भई विद्यालयको पठनपाठनमा सहभागी हुनुपर्ने,

ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगाएत विद्यालयले दिएको अन्य जिम्मेवारी पुरा गर्ने,

ग) शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि,२०७७ बमोजिम स्वयम्सेवकको आचार संहिता पालना गर्ने,

घ) निर्वाह भत्ता वाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दाबी नगर्ने ।

**दोस्रो पक्षको तर्फबाट** **प्रथम पक्षको तर्फबाट**

नाम : नाम :

ठेगाना : पद :

दस्तखत : दस्तखत :

मिति : मिति :

रोहवर रोहवर

नाम : नाम :

पद : पद :

दस्तखत : दस्तखत :

मिति : मिति :

## अनुसूची-३

## (दफा १६ को उपदफा (१) संग सम्बन्धित)

## स्वयम्सेवकले पाउने निर्वाह भत्ता

| क्र.सं. | तह | स्वयम्सेवकको योग्यता | निर्वाह भत्ता |
|---|---|---|---|
| १ | आधारभूत तअ | | |
| क | प्राथमिक तह (१ देखि ५ कक्षा सम्म ) | माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह | रु.१५०००।- |

| | | | |
|---|---|---|---|
| ख | निमावि तह ( ६ देखि ८ कक्षा सम्म ) | माध्यमिक तह (१२), दश जोड दुई, प्रविणता पत्र वा सो सरह | रु.१८०००।- |
| २ | माध्यमिक तह | | |
| क | ९ देखि १० कक्षा सम्म | स्नातक वा सो सरह | रु. २१०००।- |
| ख | ११ देखि १२ कक्षा सम्म | स्नातकोत्तर वा सो सरह | रु. २५,०००।- |
| ग | आंशिक विषयगत शिक्षक (११ देखि १२ कक्षा सम्म ) | स्नातकोत्तर वा सो सरह | प्रति कक्षा प्रति महिना रु ६,०००।- |
| ३ | बाल विकास | नियमानुसार | रु. १५,०००।- |

## अनुसूची-४
**(दफा २१ संग सम्बन्धित)**

**शिक्षण स्वयम्सेवकलाई दिइने प्रमाणपत्रको ढाँचा**

**गढवा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**शिक्षा शाखा**
**गढवा,दाङ्ग**
**लुम्बिनी प्रदेश नेपाल**

**प्रमाण-पत्र**

............जिल्ला...........गाउँ पालिका वडा नं............स्थायी ठेगाना भएका श्री...........................ले ..............जिल्ला...................गाउँपालिका वडा नं.......को श्री....................................विद्यालयमा..................विषयको शिक्षण कार्य मिति................देखि....................सम्म गर्नु भएकोले शिक्षण स्वयम्सेवक सेवाको उच्च मुल्याङ्कन गरी शिक्षण स्वयम्सेवक परिचालन कार्यविधि,२०७७ को दफा २१ बमोजिम यो प्रमाण पत्र प्रदान गरिएको छ ।

भविष्यमा पनि राष्ट्र निर्माणको सन्दर्भमा यहाँको अमुल्य योगदान रहने विश्वास सहित गढवा गाउँपालिका तपाइको उज्जवल भविष्यको कामना गर्दछ ।

आज्ञाले
लाल बहादुर योगी
प्रमुख प्रशासकिय अधिकृत